LIC
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
(भारतीय जीवन बीमा निगमको संयुक्त लगानीमा स्थापित)
कर्पोरेट अफिसः चौथो तल्ला, स्टार मल, पुतलीसडक, काठमाडौं
फोन नं.: ०१-४०१२६१३, ०१-४०१२६१४, फ्याक्सः ०१-४०१२६१५
ईमेलः liccorporate@licnepal.com.np

को

# शेयरधनी महानुभावहरुलाई बोनस शेयर तथा नगद लाभांश वितरण सम्बन्धी सूचना

यस कम्पनीको २०७६/०४/२४ गते सम्पन्न १७औं वार्षिक साधारणसभाबाट कम्पनीका शेयरधनीहरूलाई आ.ब. २०७४/०७५ को मुनाफाबाट ३४.४६२६५९१२ प्रतिशत बोनस शेयर र ३५.५३७३४०८८ प्रतिशत नगद लाभांश (नगद लाभांश तथा बोनस शेयरको कर सहित) वितरण गर्ने प्रस्ताव पारित भए बमोजिम उक्त बोनश शेयर सूचिकरण भएपश्चात् अभौतिक रूपमा शेयर धारण गर्नुभएका सम्बन्धित शेयरधनीहरूलाई हितग्राही खातामा र भौतिक रुपमा शेयर धारण गर्नु भएका सम्बन्धित शेयरधनीहरुले शेयर अभौतिकिकरण गराउनु भएपश्चात हितग्राही खातामा जम्मा गरिने वेहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै, साधारणसभाबाट पारित नगद लाभांश मिति २०७६/०४/२७ गतेदेखि नै IPS मार्फत सम्बन्धित शेयरधनीहरूको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरी सकिएको जानकारी गराईन्छ । हालसम्म पनि शेयर अभौतिकरण नगराउनु भएका तथा हितग्राही खातामा बैंक खाता नं. अद्यावधिक नगराउनु भएका शेयरधनीहरूले देहाय बमोजिम गर्नहुन अनुरोध गर्दछौं ।

क) शेयर प्रमाणपत्र अभौतिकीकरण गरिसक्नु भएका शेयरधनीहरूले आफ्नो हितग्राही खाता खोलेको सम्बन्धित निक्षेप सदस्यमा सम्पर्क गरी आफ्नो बैंक खाताको विवरण अद्यावधिक गर्नु भएपश्चात सोही बैंक खातामा नगद लाभांश जम्मा गर्ने व्यवस्था मिलाइने हुँदा बैंक खाता अद्यावधिक गर्नहुन ।

ख) हितग्राही खाता खोल्न बाँकी तथा हितग्राही खाता खोलेर पनि हालसम्म भौतिक रूपमा नै शेयर प्रमाणपत्र धारण गर्नुभएका शेयरधनी महानुभावहरूले यथासक्य छिटो हितग्राही खाता खोल्नु हुन तथा शेयर अभौतिकीकरण गर्नुहुन ।

ग) हितग्राही खाता खोल्न बाँकी र विगतका वर्षहरूमा जारी गरेको बोनश शेयरको प्रमाणपत्र संकलन गर्न बाँकी रहनुभएका शेयरधनीहरुले यस कम्पनीको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौंमा सम्पर्क राखि हितग्राही खाता खोल्न तथा शेयर प्रमाणपत्रहरू संकलन गरी अभौतिकीकरण गर्न सक्नुहुनेछ ।

घ) आफ्नो शेयर धितोमा राखी कर्जा सुविधा उपभोग गर्दै आउनु भएका शेयरधनी महानुभावहरूले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट धितो राखेको शेयरको संख्या समेत खुल्ने गरी No Objection Letter प्राप्त गरी कम्पनीको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौंमा पेश गरे पश्चात् बोनस शेयर शेयरधनीको हितग्राही खातामा पठाइने छ ।

**हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्दा ध्यान दिनुपर्ने कुराहरु :**

क) आफ्नो बैंक खाता नेपाल क्लियरिङ्ग हाउसबाट IPS को सदस्यताप्राप्त बैंक वा वित्तीय संस्था नै हुनुपर्नेछ र सम्बन्धित शेयरधनीको नाममा (नाबालक भएमा निजकै नाममा) रहेको चल्ती वा बचत खाता हुनुपर्नेछ ।

ख) हितग्राही खातामा बैंक खाताको विवरण अद्यावधिक गराउँदा बैंकबाट उपलब्ध गराईएको खाता नं. अद्यावधिक गराउनु पर्नेछ ।

ग) बैंक खाता नं. रूजु नभएको, मर्जर पश्चात खाता रहेको बैंकको नाम परिवर्तन भएको, हितग्राही खाता र बैंक खाताको नाम रूजु नभएको कारणले लाभांशको रकम खातामा जम्मा हुन नसकेका शेयरधनीहरूको हकमा हितग्राही खातामा उल्लेखित विवरण अद्यावधिक भएपश्चात नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि. लाई जानकारी प्राप्त भएपश्चात् नगद लाभांश वितरण गरेपछि IPS मार्फत बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

घ) बैंक खातामा नगद लाभांश जम्मा गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीले नै व्यहोर्नु पर्नेछ ।

**शेयर रजिष्ट्रार**

नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
NSMBL
हात्तिसार, काठमाडौं फोन नं.: ४४१२७४३ वेबः www.nsmbl.com.np

आर्थिक अभियान
मंगलवार, २८ साउन २०७६ | Tuesday, 13 August 2019